# प्रदेश आर्थिक ऐन, २०८१

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०८१।०३।३०

## संवत् २०८१ सालको ऐन नं. ०२

## <u>प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व सङ्कलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐनको दफा ७ तथा अनुसूची-१ को खण्ड (घ) को सि.नं. २७ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि र अन्य दफाहरू सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **<u>घरजग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरः</u>** (१) आर्थिक वर्ष २०८१।०८२ मा बागमती प्रदेशभित्र अनुसूची-

१ बमोजिम घरजग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घरजग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क रजिष्ट्रेसन गर्दाका बखत सम्बन्धित स्थानीय तहले सङ्कलन गर्नु पर्नेछ।

तर स्थानीय तहको साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क सङ्कलन गरी बाँडफाँट गर्नु पर्नेछ।

(३) यस दफा तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ को खण्ड (ख) बमोजिम बेजिल्ला बेइलाका लिखत पारित बापत उपदफा (२) बमोजिमको कार्यालयबाट अनुसूची-१ को खण्ड (ख) को सि.नं. १ को चौथो महलमा उल्लिखित थप सेवा शुल्क बापत सङ्कलन गरिएको पूरै रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्यालयबाट सङ्कलित घरजग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को खण्ड (घ) सि.नं.१३ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रकमलाई सतप्रतिशत मानी सोको साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

३. <u>**सवारी साधन करः**</u> (१) आर्थिक वर्ष २०८१।०८२ मा बागमती प्रदेशभित्र अनुसूची-२(क) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम प्रचलित कानूनबमोजिम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र बाँकी चालिस प्रतिशत रकम प्रचलित कानून बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त बाँडफाँटको सुत्र (हिस्सा) बमोजिम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ।

४. <u>**प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिइने शुल्क तथा दस्तुर सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिइने शुल्क तथा दस्तुर सोही ऐन बमोजिम बनेको नियमावली बमोजिम लगाइने र असुल उपर गरिनेछ।

तर प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम छुट्टै नियमावली नबनेसम्मका लागि उक्त ऐन बमोजिम

लगाइने सवारी चालक अनुमतिपत्र तथा आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र सम्बन्धी परीक्षा शुल्क, सवारी साधनको दर्ता र सरुवा दर्ता दस्तुर, सवारी साधन सरुवा सहमति दस्तुर, सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर, सवारी साधनको अस्थायी दर्ता दस्तुर, विदेशमा दर्ता भएका सवारी चालक अनुमतिपत्र दस्तुर, सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर, सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारी नामसारी दस्तुर, बाटो इजाजतपत्र दस्तुर लगायतका अन्य शुल्क तथा दस्तुर यसै ऐनको अनुसूची-२(ख) बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(३) आर्थिक वर्ष २०८१।०८२ मा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम सोको नियमावली नबनेसम्म सवारी दर्ता किताब (ब्लु बुक) दस्तुर तथा अन्य विविध दस्तुरको सङ्कलन प्रचलित कानून बमोजिम हुनेछ।

५. **मनोरञ्जन करः** (१) आर्थिक वर्ष २०८१।०८२ मा बागमती प्रदेशभित्रको चलचित्र घर, थिएटर/नाटकघर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, ओपेरा, क्यासिनो, डान्स बार, नाईट क्लब, दोहोरी साँझ/रोदी घर, मसाज एवम् स्पा, फनपार्क, आकाशे सिसाको पूल, फुटसल, पुल हाउस, स्वीमिङ पूल, जीम हाउस, स्वीङ, वाटर गार्डेन, बाल उद्यान, पार्क, ताल तलैया, क्रुज, बोटिङ वा डुङ्गा सफारी, रक क्लाइम्बिङ, क्यान्योनिङ, बञ्जी जम्प,

जीपलाइन, प्याराग्लाइडिङ, र्‍याफ्टिङ, केबलकार, मेला, महोत्सव लगायतका मनोरञ्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) अनुसूची-३ को खण्ड (क) र (ख) मा उल्लिखित करदाताले बुझाउनु पर्ने कर प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र र खण्ड (ग) मा उल्लिखित करको हकमा अनुमति लिँदाको बखत अग्रिम रुपमा सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको मनोरञ्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

तर अनुसूची-३ को खण्ड (ग) बमोजिमको मनोरञ्जन करको हकमा यो उपदफा बमोजिमको व्यवस्था लागू हुने छैन।

(५) उपदफा (२) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम सम्बन्धित स्थानीय तहले साठी प्रतिशत स्थानीय तहको

सञ्चित कोषमा र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. **विज्ञापन कर:** (१) आर्थिक वर्ष २०८१।०८२ मा बागमती प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहको कानून बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको रकम सम्बन्धित स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत रकम आफ्नो स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

७. **कृषि आयमा कर:** (१) आर्थिक वर्ष २०८१।०८२ मा स्वयम् घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरूको लागि कृषि आयमा कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची-४ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(४) उपदफा (२) बमोजिमको कृषि आयमा कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको कृषि विकास कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

८. **पर्यटन शुल्कः** (१) आर्थिक वर्ष २०८१।०८२ मा प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क प्रदेश पर्यटन सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको निकाय वा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

९. **ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्कः** (१) आर्थिक वर्ष २०८१।०८२ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची-५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) आर्थिक वर्ष २०८१।०८२ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण गर्दा प्रचलित कानून उल्लङ्घन गरेको पाइएमा अनुसूची-६ बमोजिम जरिबाना लगाइने र असुल उपर गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क र जरिबाना स्थानीय तहले सङ्कलन गर्नेछ। उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(६) यस दफा बमोजिम माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको र नदीजन्य, खानीजन्य तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ। प्रदेश सरकारले निर्धारण गरेको कार्यविधिको उल्लङ्घन गरेमा अनुसूची-६ बमोजिमको जरिबाना लाग्नेछ।

**१०.** **वातावरणीय सेवा शुल्कः** प्रदेशभित्र प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग गर्ने उद्योगहरुबाट अनुसूची-७ मा तोकिए बमोजिमको दरमा वातावरणीय सेवा शुल्क डिभिजन वन कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

**११.** **अन्य राजस्वः** (१) प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरूको कार्यप्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट सङ्कलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण भई नसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा सङ्कलन गर्नु पर्नेछ।

(२) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन अनुमति तथा नवीकरण शुल्क अनुसूची-८ बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलन भएको कर तथा गैर कर राजस्व रकम राजस्व व्यवस्थापन सूचना प्रणाली मार्फत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दिएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिएको दस्तुर, शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१३. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः</u>** (१) प्रचलित कर सम्बन्धी कानून वा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१४. **<u>घर जग्गा रजिष्ट्रेसन शुल्कमा छुट सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानहरू, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका क्षेत्र बाहेक बागमती प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापना गर्नका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट प्रदान गरिनेछ।

(२) काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लामा हाल सञ्चालनमा रहेका उत्पादनमूलक उद्योगले आफ्नो कारखाना काठमाडौं उपत्यका बाहिर प्रदेशभित्रका अन्य

गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमा समेत उपदफा (१) बमोजिमको छुट प्रदान गरिनेछ।

तर काठमाडौं उपत्यकाभित्रका काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका स्थानहरू, भरतपुर महानगरपालिका, हेटौंडा उपमहानगरपालिका क्षेत्रमा त्यसरी उद्योगको कारखाना स्थानान्तरण गरेकोमा यस उपदफा बमोजिमको छुट प्रदान गरिने छैन।

(३) यस दफा बमोजिम छुट लिई खरिद गरेको जग्गा उद्देश्य विपरीत प्रयोग गरेको पाइएमा वा बिक्री गरेमा छुट पाएको रजिष्ट्रेसन शुल्क जग्गा बिक्री गर्दाका बखत सम्बन्धित मालपोत कार्यालयले फिर्ता गर्न लगाउनु पर्नेछ।

**१५. <u>प्रादेशिक व्यापार तथा व्यवसायको लागि छुट सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम कुनै महिला, अपाङ्गता भएको व्यक्ति, दलित, अल्पसङ्ख्यक वा लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिष्ट्रेसन गर्न चाहेमा त्यस्तो फर्म रजिष्ट्रेसन गर्दा प्रचलित प्रदेश कानून वमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

(२) उपदफा (१) बमोजिम छुट प्राप्त गर्नका लागि अपाङ्गता भएको व्यक्ति वा दलित, अल्पसङ्ख्यक वा लोपोन्मुख समुदायका व्यक्तिले नेपाल सरकारको सम्बन्धित निकाय वा स्थानीय तहबाट जारी गरिएको अपाङ्गता भएको, दलित, अल्पसङ्ख्यक वा लोपोन्मुख समुदायको व्यक्ति रहेको पहिचान हुने प्रमाणपत्रको प्रतिलिपि फर्म दर्ता गर्दाका बखत दर्ता गर्ने निकायमा पेस गर्नु पर्नेछ।

(३) व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म (प्राइभेट र साझेदारी) र व्यवसायले आ.व. २०७७।०७८, २०७८।०७९ र २०७९।०८० को नवीकरण दस्तुर र जरिबाना सम्वत् २०८१ साल पुस मसान्तभित्र दाखिला गरेमा सोभन्दा अगाडिका वर्षहरुमा दाखिला गर्नु पर्ने जरिबाना मिनाहा गरी नवीकरण दस्तुरमा पचास प्रतिशत छुट गरिनेछ।

१६. <u>प्रदेश सवारी तथा यातायात व्यवस्थासँग सम्बन्धित विशेष व्यवस्थाः</u> (१) आ.व. २०७०।०७१ देखि २०७९।०८० सम्म नियमानुसार सवारी साधन कर नबुझाएका र सवारी साधन दर्ताको प्रमाणपत्र नवीकरण नगरेका सवारी धनीले सम्वत् २०८१ साल पुस मसान्तभित्र सवारी साधन कर बुझाउन आएमा सो अवधिमा लाग्ने जरिबानामा पचास प्रतिशत छुट दिई सो अवधि भरिको सवारी साधन कर तथा दर्ता प्रमाणपत्र नवीकरण बापत लाग्ने दस्तुर लिई सवारी साधनको नवीकरण गरिनेछ।

(२) बागमती प्रदेश बाहेक अन्य प्रदेशमा दर्ता भएका सवारी साधन सम्वत् २०८१ साल पुस मसान्तभित्र बागमती प्रदेशमा सरुवा दर्ता हुन चाहेमा तोकिएको सवारी साधन सरुवा दर्ता दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ साथै त्यसरी सरुवा दर्ता भएको वर्षको सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ।

(३) प्रदेश सरकार मातहतका निकायहरूमा कम्तीमा बिस वर्ष वा सोभन्दा पुराना भई बिग्री काम नलाग्ने भएका तथा मर्मत

सम्भार गरेर सञ्चालन गर्न उपयुक्त नदेखिएका सरकारी सवारी साधनहरूको दर्ता खारेज गराउने प्रयोजनका लागि सम्बन्धित सरकारी कार्यालयले प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयको स्वीकृतिमा बिस वर्ष पछाडिको कर, दस्तुर र जरिबाना मिनाहा हुने गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट सवारी साधनको अभिलेखबाट लगत कट्टा गराई सवारी दर्ताको प्रमाणपत्र खारेज गराउन सक्नेछ।

(४) बागमती प्रदेशभित्र दर्ता भएका बिस वर्ष वा सो भन्दा पुराना सार्वजनिक सवारी साधनका सवारी धनीले आफ्नो सवारी साधनको दर्ता खारेज गराउने प्रयोजनार्थ सम्वत् २०८१ साल पुस मसान्तभित्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बिस वर्षसम्मको तिर्न बुझाउन बाँकी सवारी साधन कर तथा सवारी साधन दर्ता प्रमाणपत्र नवीकरण बापतको दस्तुर बुझाएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयले जरिबाना बापत लाग्ने जम्मा रकममा असी प्रतिशत छुट दिई त्यस्ता सवारी साधनको अभिलेखबाट लगत कट्टा गराई सवारी दर्ता प्रमाणपत्र खारेज गराउन सक्नेछ।

**१७. <u>प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ मा संशोधनः</u>** प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ को,-

(१) दफा ९ को उपदफा (४) मा रहेको "दस्तुर र" भन्ने शब्दहरु पछि "दोब्बर" भन्ने शब्द झिकिएको छ।

(२) अनुसूची-४ को सट्टा देहायको अनुसूची-४ राखिएको छः-

"अनुसूची -४"

(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) तथा दफा ९ख को उपदफा (२) सँग सम्बन्धित)

**प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र नवीकरण दस्तुर र जरिबाना**

| सि.नं. | पुँजी | नवीकरण दस्तुर (रु.) | जरिबाना (नवीकरण दस्तुरमा थप हुने रकम) | | | |
|---|---|---|---|---|---|---|
| | | ३५ दिनभित्र | ३ महिनाभित्र | ६ महिनाभित्र | १ वर्षभित्र | १ वर्ष नाघेपछि प्रत्येक वर्षको लागि |
| १ | एक लाख रुपैयाँसम्म | ६००।- | २५% | ५०% | ७५% | १००% |
| २ | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | १०००।- | २५% | ५०% | ७५% | १००% |
| ३ | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | १६००।- | २५% | ५०% | ७५% | १००% |
| ४ | पाँच लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्म | ३०००।- | २५% | ५०% | ७५% | १००% |
| ५ | बिस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | ५०००।- | २५% | ५०% | ७५% | १००% |
| ६ | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ६५००।- | २५% | ५०% | ७५% | १००% |
| ७ | एक करोड रुपैयाँभन्दा बढी | ८०००।- | २५% | ५०% | ७५% | १००% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तीन करोड रुपैयाँसम्म | | | | | |
| ८ | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ११०००।- | २५% | ५०% | ७५% | १००% |
| ९ | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | १५०००।- | २५% | ५०% | ७५% | १००% |
| १० | दश करोड रुपैयाँभन्दा बढी | २००००।- | २५% | ५०% | ७५% | १००% |

(३) अनुसूची-५ को सट्टा देहायको अनुसूची-५ राखिएको छ,-

**"अनुसूची- ५"**

(दफा १५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**साझेदारी फर्म नवीकरण दस्तुर**

| **सि.नं.** | **पुँजी** | **नवीकरण दस्तुर (रु.)** | **जरिबाना (नवीकरण दस्तुरमा थप हुने रकम)** | | | |
|---|---|---|---|---|---|---|
| | | **३५ दिनभित्र** | **३ महिनाभित्र** | **६ महिनाभित्र** | **१ वर्षभित्र** | **१ वर्ष नाघेपछि प्रत्येक वर्षको लागि** |
| १. | एक लाख रुपैयाँसम्म | ३००।- | २५% | ५०% | ७५% | १००% |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ४००।- | २५% | ५०% | ७५% | १००% |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ७००।- | २५% | ५०% | ७५% | १००% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्म | १२००।- | २५% | ५०% | ७५% | १००% |
| ५. | बिस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | २०००।- | २५% | ५०% | ७५% | १००% |
| ६. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ३०००।- | २५% | ५०% | ७५% | १००% |
| ७. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ४०००।- | २५% | ५०% | ७५% | १००% |
| ८. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ५०००।- | २५% | ५०% | ७५% | १००% |
| ९. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ६०००।- | २५% | ५०% | ७५% | १००% |
| १०. | दश करोड रुपैयाँभन्दा बढी | ७०००।- | २५% | ५०% | ७५% | १००% |

**१८. प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा संशोधनः** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को,-

(१) दफा ३८ को उपदफा (३) मा रहेको "बिस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३९ को उपदफा (३) मा भएको "दश प्रतिशत" भन्ने शब्दहरुको सट्टा "सात प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

१९. **<u>प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन</u>**: प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १८ को उपदफा (३) मा रहेको "पूर्ण अशक्त, अति अशक्त र मध्यम" भन्ने शब्दहरु झिकिएका छन्।

२०. **<u>दण्ड जरिबानाः</u>** (१) प्रदेशभित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिबानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

# अनुसूची- १

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

### (क) घर जग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेसन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | काठमाडौं उपत्यका भित्रका | | काठमाडौं उपत्यका बाहिरका महानगरपालिका | उपमहानगरपालिका क्षेत्रको लागि | काठमाडौं उपत्यका बाहिरका नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
| | | महानगरपालिका क्षेत्रको लागि | नगरपालिका क्षेत्रको लागि | | | | |
| १. | <u>राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखत</u> | | | | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखत थैली अङ्कमा | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| | (घ) छोडपत्र र दर्ताफारी लिखत थैली अङ्कमा | | | | | | |
| | अ) तीन पुस्ताभित्रको | बकसपत्र सरह | | | | | |
| | आ) तीन पुस्ता बाहिरको | ५.३% | ४.८% | ५.१५% | ४.६५% | ४.५% | ३% |
| २. | **संयुक्त दर्तावालाबीचको लिखतको थैली अङ्कमा** | ३.३% | २.८% | ३.१५% | २.६५% | २.५% | २% |
| ३. | **हालैदेखिको बकसपत्रको लिखत (थैली अङ्कमा)** | | | | | | |
| | (क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, धर्मपुत्र, छोरा-बुहारी, छोरी, धर्मपुत्री, छोरी-ज्वाँइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका- | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | काकी, मामा-माइजू, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बाबु तर्फका), आमाजू, नन्द, सौता-सौता र एकै दाजु-भाइ दिदी-भाइको छोरा, छोरी, फुपू र भदा-भदै बिच | | | | | | |
| | अ. एक लाखसम्मको थैली अङ्कमा | २.३% | १.८% | २.१५% | १.६५% | १.५% | १% |
| | आ. एक लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.८% | २.३% | २.६५% | २.१५% | २% | १% |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५.३% | १५.३% | १५.१५% | १५.१५% | १५% | १०% |
| | **<u>स्पष्टीकरणः</u>** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको गठन आदेशबाट गठित समिति, बोर्ड, प्रतिष्ठान, संस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क वा दस्तुर लाग्ने छैन। | | | | | | |

| | लिखतको प्रकार | महानगरपालिका क्षेत्रको लागि | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
|---|---|---|---|---|
| ४. | <u>अंशबण्डा तथा अंश भरपाईको लिखतमा</u> | | | |
| | (क) पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% |
| | (ख) पचास लाख रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्मको थैली अङ्कमा | ०.४% | ०.४% | ०.४% |
| | (ग) तीन करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| ५. | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u> | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | १५०००।- | ११०००।- | ५०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | १५०००।- | ११०००।- | ५०००।- |
| ६. | <u>शेषपछिको बकसपत्रको लिखत तथा अष्टलोहको प्रति लिखत</u> | | | |
| | (क) तीन पुस्ताभित्रको | १००००।- | ८०००।- | ७०००।- |
| | (ख) तीन पुस्ताबाहिरको | १५०००।- | १२०००।- | ११०००।- |
| ७. | <u>शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा प्रति लिखत</u> | | | |
| | (क) सर्त संशोधन | २०००।- | १५००।- | १०००।- |
| | (ख) बकसपत्र रद्द | २५००।- | २०००।- | १५००।- |
| ८. | <u>अन्य लिखत</u> | | | |
| | (क) रकम खुलेकोमा | ४% | ३% | २% |
| | (ख) रकम नखुलेकोमा | ७०००।- | ६०००।- | ३०००।- |

| | | | | |
|---|---|---|---|---|
| ९. | **<u>धितो/दृष्टिवन्धकीको लिखत</u>**<br>व्यक्तिगत दृष्टीवन्धकी, भोगवन्धकी र लखवन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% |
| १०. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | २०००।- | २०००।- | २०००।- |
| ११. | **<u>कपाली तमसुक र करारनामाको लिखत</u>**<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत थैली अङ्कमा | १% | १% | १% |
| १२. | गुठी स्थापना गरेको लिखत (प्रति लिखत) | ४०००।- | ३०००।- | २०००।- |
| १३. | गुठी नवीकरण | ३०००।- | २०००।- | १०००।- |
| १४. | **<u>मासिक एक लाखभन्दा बढी घर बहाल लिनु दिनु गरेको लिखत</u>**<br>(पहिलो महिनाको बहाल बापतको रकमलाई थैली अङ्क मान्ने) | ३% | २% | १% |
| १५. | अचल सम्पत्ति फलोपभोग भएको लिखत थैली अङ्कमा | ०.२५% | ०.२५% | ०.२५% |

## (ख) बेजिल्ला/बेइलाका पारित सम्बन्धी व्यवस्थाः

| सि.नं. | लिखतको प्रकार | दस्तुर वा शुल्क | बेजिल्ला/बेइलाको लिखत पारित बापतको थप शुल्क |
|---|---|---|---|
| १. | अंशवण्डा तथा अंश भरपाई बाहेकका सबै प्रकारका लिखत | जग्गा भएको स्थानको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमिसुधार/मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनु पर्ने। | प्रदेशभित्र वा प्रदेश बाहिरका जिल्लाको लिखत पारित गर्दा यस तालिकाको सि.नं. (१) को तेस्रो महल बमोजिम जम्मा गरेको शुल्क वा दस्तुरको दश प्रतिशतले हुन आउने रकम लिखत पारित गर्ने भूमिसुधार/मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनु पर्ने। |
| २. | अंशवण्डा तथा अंश भरपाई लिखत। (घरजग्गा भएकोमध्ये कुनै एक भूमिसुधार मालपोत/ कार्यालयबाट पारित गर्नु पर्नेछ) | जग्गा भएको स्थानको प्रदेश सरकारले तोकेको दरमा शुल्क वा दस्तुर दाखिल खारेज गर्ने क्षेत्राधिकार भएको भूमिसुधार/मालपोत कार्यालयको खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न हुनु पर्ने। | नलाग्ने। |

**स्पष्टीकरणः** (१) काठमाडौं उपत्यकाभित्रका (काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला) मालपोत कार्यालयहरूबीच बेजिल्ला र बेइलाका तथा अन्य जिल्लामा बेइलाका लिखत पारित हुने छैन। बेजिल्ला/बेइलाकाको लिखत पारित गर्दा ससीम कित्ताको मात्र गर्नु पर्नेछ।

(२) घर/जग्गा रहेको सम्बन्धित प्रदेशको आर्थिक ऐनमा बेजिल्ला वा बेइलाका लिखत पारित गर्ने सम्बन्धी व्यवस्था भएको रहेछ भने मात्र सो क्षेत्रको घर जग्गाको लिखत यस बमोजिम पारित गर्नु पर्नेछ।

## (ग) सेवा शुल्कः

| सि. नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको लागि | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको लागि | गाउँपालिका क्षेत्रको लागि |
| १. | लिखत रजिष्ट्रेसनको लागि डोर माग गर्ने निवेदनमा प्रति लिखत डोर शुल्क/दस्तुर | | | |
| | (क) काठमाडौं उपत्यका क्षेत्रमा | २००००।- | १५०००।- | १००००।- |
| | (ख) अन्य क्षेत्रमा | १५०००।- | १००००।- | ५०००।- |
| २. | **वित्तीय धितोः**<br>नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) पाँच लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा *(सहकारी बाहेक)* | २०००।- | २०००।- | २०००।- |
| | (ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | २५००।- | २५००।- | २५००।- |
| | (ग) दश लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ५०००।- | ५०००।- | ५०००।- |
| | (घ) बिस लाख रुपैयाँभन्दा बढी चालिस लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ८०००।- | ८०००।- | ८०००।- |
| | (ङ) चालिस लाख रुपैयाँभन्दा बढी असी लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १२५००।- | १२५००।- | १२५००।- |
| | (च) असी लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | २५०००।- | २५०००।- | २५०००।- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ५००००।- | ५००००।- | ५००००।- |

| | | | | |
|---|---|---|---|---|
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ७५०००।- | ७५०००।- | ७५०००।- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | ११००००।- | ११००००।- | ११००००।- |
| | (ञ) दश करोड रुपैयाँभन्दा बढी पन्ध्र करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १२५०००।- | १२५०००।- | १२५०००।- |
| | (ट) पन्ध्र करोड रुपैयाँभन्दा बढी बिस करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १५००००।- | १५००००।- | १५००००।- |
| | (ठ) बिस करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | १७५०००।- | १७५०००।- | १७५०००।- |
| | (ड) पचास करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | २०००००।- | २०००००।- | २०००००।- |
| | (ढ) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै लिखतको थैली अङ्कमा | ३०००००।- | ३०००००।- | ३०००००।- |
| ३. | **<u>लिज</u>**<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ ले व्यवस्था गरेको लिज रकमको दर अनुसार शुल्क लाग्नेछ। | | | |
| ४. | **<u>जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिको लागि प्रति पूर्जा</u>** | | | |
| | (क) जग्गाधनी दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपिको लागि | १००।- | १००।- | १००।- |
| | (ख) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपिको लागि | २००।- | १५०।- | १००।- |
| | (ग) पूर्जाको रातो कभर बापतको शुल्क | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (घ) कुनै पारित लिखतको प्रतिलिपि माग गरेमा सो बापत प्रतिलिपि उपलब्ध गराउदा (प्रति पृष्ठ) | १०।- | १०।- | १०।- |

| | | | | |
|---|---|---|---|---|
| | (ङ) बैङ्क तथा वित्तीय संस्थाले जग्गाको प्रकृति तथा रोक्काको अवस्था सोधी विवरण माग गरेमा सो बापत विवरण उपलब्ध गराउँदा (प्रति पटक) | २००।- | २००।- | २००।- |
| | (च) जग्गाधनी प्रमाण पूर्जाको पुरानो प्रति खिची नयाँ पुर्जा जारी गर्दा | नलाग्ने | | |
| ५. | <u>दाखिला खारेज शुल्क</u> | | | |
| | क) अदालत वा अन्य न्यायिक निकायबाट करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | ख) अन्य मिलापत्र/दर्ताफारी फैसला/आदेश (अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा<br>***<u>द्रष्टव्यः</u>***<br>अदालत वा न्यायिक निकायबाट दर्ताफारी मुद्दामा भएको मिलापत्र वा फैसला/आदेशबाट जो जसको भागमा जति जग्गा कायम हुन आउँछ, सो बमोजिम आ-आफ्नो नाममा दाखिला खारेज हुने जग्गाको मूल्याङ्कनको आधारमा आ-आफ्नो भागको दर्ताफारी शुल्क निजहरुबाट असुल गरिनेछ। | ५% | ४.५% | ३% |
| | ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिला खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | घ) बैङ्क तथा वित्तीय संघ/संस्था वा सहकारी संघ/संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा | १००००।- | ८०००।- | ५०००।- |

| | | | | |
|---|---|---|---|---|
| | व्यक्तिले सकार नगरी धितोजमानी दिने व्यक्तिको नामबाट बैङ्क तथा वित्तीय संघ/संस्था वा सहकारी संघ/संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल | | | |
| | ङ) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क तथा संघ/संस्था आफैले सकार गरेपछि सम्बन्धित धितो जमानीकर्तालाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | ३.५% | २.५% | २% |
| | च) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | ७०००।- | ५०००।- | ३०००।- |
| | छ) भूमिसुधार कार्यालयबाट मोही र जग्गाधनी बीच जग्गा बाँडफाँट भई दाखिला खारेज हुन आउँदा प्रति मिसिल | नलाग्ने | | |
| | ज) शेषपछिको बकसपत्रको दाखिला खारेज | | | |
| | अ. तीन पुस्ताभित्रको भए | अंशवण्डा बापत लाग्ने दस्तुर सरह | अंशवण्डा बापत लाग्ने दस्तुर सरह | अंशवण्डा बापत लाग्ने दस्तुर सरह |
| | आ. तीन पुस्ता बाहिरको भए (थैली अङ्कमा) | राजीनामा बापत लाग्ने दस्तुर सरह | राजीनामा बापत लाग्ने दस्तुर सरह | राजीनामा बापत लाग्ने दस्तुर सरह |
| | झ) अंश वा अपुताली सम्बन्धमा अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा मिलापत्र बमोजिमको दाखिल खारेज थैली अङ्कमा | अंशको हकमा अंशबण्डा सरह र अपुतालीको हकमा नामसारी सरह शुल्क लाग्नेछ। | | |
| ६. | नामसारी प्रति मिसिल | | | |
| | क) तीन पुस्ताभित्रको नामसारी गर्दा | २५००।- | २५००।- | २५००।- |
| | ख) तीन पुस्ता बाहिरको नामसारी गर्दा | ५०००।- | ५०००।- | ५०००।- |
| ७. | हाल साविक | | | |

| | | | | |
|---|---|---|---|---|
| | पुनः नापजाँचपछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | २०००।- | १५००।- | ८००।- |
| ८. | **घर कायम** | | | |
| | क) स्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदन | २५००।- | २०००।- | १०००।- |
| | ख) स्रेस्ता पूर्जामा घर पाताल जनाउने प्रति निवेदन | १००।- | १००।- | १००।- |
| ९. | **संशोधन दस्तुर** | | | |
| | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) अनुसारको विवरण संशोधन गर्नुपर्दा प्रति मिसिल | १०००।- | ८००।- | ६००।- |
| १०. | **रोक्का दस्तुर** | | | |
| | (क) लिखत रजिष्ट्रेसन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) लिखत रजिष्ट्रेसन नहुनेमा (पत्रद्वारा हुने रोक्का) | | | |
| | अ. पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | १५००।- | १०००।- | ५००।- |
| | आ. पाँच लाख रुपैयाँभन्दा बढी दशलाख रुपैयाँसम्मको ऋण अङ्कमा | २०००।- | १५००।- | १०००।- |
| | इ. दश लाख रुपैयाँ माथिको जतिसुकै ऋण अङ्कमा | ३०००।- | २५००।- | २०००।- |
| | ई. ऋण अङ्क नखुलेकोमा | ८०००।- | ६०००।- | ५०००।- |
| ११. | **जग्गा खण्डीकरण (प्लटिङ्ग) बापत शुल्क (प्रति मिसिल)** | | | |
| | (क) ३३८६.३१ ब.मी.सम्म क्षेत्रफलमा | १५०००।- | १००००।- | ५०००।- |
| | (ख) ३३८६.३१ ब.मी. भन्दा बढी ६७७२.६२ ब.मी.सम्म क्षेत्रफलमा | २५०००।- | १५०००।- | १००००।- |
| | (ग) ६७७२.६२ भन्दा बढी क्षेत्रफलमा | ३५०००।- | २५०००।- | १५०००।- |
| | **स्पष्टीकरण:** कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनको लागि जग्गा विकास कार्यक्रम (प्लटिङ्ग) सञ्चालनका लागि जग्गा खण्डीकरण गर्दा प्रति मिसिलमा लगाइने। | | | |

## (घ) विविधः

| | |
|---|---|
| १. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ। एक पटक कारोबार भएको थैली अङ्क भन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन।<br>तर बन्धकी लिखतमा उल्लेख भएको ऋण रकमलाई धितो लिलामी वा सकार गरी दाखिल खारेज गर्ने प्रयोजनभन्दा अन्य लिखत वा कारोबारमा गणना गरिने छैन। |
| २. | थैली अङ्क कायम गरी भूमिसुधार/मालपोत कार्यालयबाट सम्पादन हुने प्रकृतिका कामको सन्दर्भमा देहाय बमोजिम गर्नु पर्नेछः-<br>(क) घरजग्गा लिखत रजिष्ट्रेसन गर्दा राजीनामा, हकहिस्सा राजीनामा, सट्टापट्टा, दर्ताफारी, सगोलनामा, सामूहिक आवास इकाईको लिखत, हक छोडपत्र, हालैदेखिको बकसपत्र, अंशबण्डा, अंशभरपाई, अंश छोडपत्र लगायतका लिखत र शेषपछिको बकसपत्रको दाखिला खारेज, नेपाल सरकार वा अदालत वा न्यायिक निकाय वा बैङ्क, वित्तीय संस्था वा सहकारीको निर्णय बमोजिमको दाखिला खारेज लगायतको कारोबार गर्दा न्यूनतम मूल्याङ्कनभन्दा घटी नहुने गरी थैली अङ्क कायम गर्नु पर्नेछ,<br>(ख) सट्टापट्टाको लिखत पारित गर्दा राजस्व प्रयोजनको लागि सट्टापट्टा हुने दुबै पक्षको घरजग्गाको कारोबार मूल्य जोडी थैली अङ्क कायम गर्नु पर्नेछ,<br>(ग) सगोलनामा वा हक छोडपत्र वा हकहिस्सा राजीनामा वा दर्ताफारीको लिखत पारित गर्दा राजस्व प्रयोजनको लागि कारोबार हुने घरजग्गाको कूल मूल्याङ्कन गरी जे जुन प्रतिशतमा हकहिस्सा हस्तान्तरण हुने हो सोही प्रतिशतको आधारमा थैली अङ्क कायम गर्नु पर्नेछ,<br>तर सगोलनामामा रहेका सबै जग्गाधनीहरु बीच अलग अलग हुने गरी दर्ताफारीको अन्तिम लिखत पारित गर्दा हाल कारोबार हुने कूल घरजग्गाको मूल्याङ्कन गरी थैली अङ्क कायम गर्नु पर्नेछ,<br>(घ) राजीनामा वा सामूहिक आवास इकाईको लिखत वा हालैदेखिको बकसपत्र वा अंशबण्डाको लिखत पारित गर्दा वा शेषपछिको बकसपत्र लिखत बमोजिमको दाखिल खारेज गर्दा राजस्व प्रयोजनको लागि कारोबार हुने घरजग्गाको कुल मूल्याङ्कन गरी थैली अङ्क कायम गर्नु पर्नेछ, |

| | |
|---|---|
| | (ङ) अंशबण्डाको लिखत पारित गर्दा सम्पूर्ण घरजग्गाको मूल्याङ्कन गर्ने र अंशभरपाई वा अंशछोडपत्रको हकमा दाखिल खारेज भइजाने घरजग्गाको मूल्याङ्कन गरी थैलीअङ्क कायम गर्नु पर्नेछ।<br>तर अंश भरपाई बापत दाखिल खारेज भै जाने घर जग्गा र सबै अंशियारका नाममा बाँकी रहेको सम्पूर्ण घर जग्गाको समेतका आधारमा थैली अंक कायम गरी सोही आधारमा लाग्ने प्रतिशतको एकिन गरी रजिष्ट्रेसन शुल्क असुल गर्नु पर्नेछ। |
| ३. | स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, डेरी, अलैंची खेती, जडीवुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायले उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ४. | स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको |

| | |
|---|---|
| | रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ५. | स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र व्यवसाय सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबानासमेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ६ | कर्मचारी सञ्चय कोष वा नागरिक लगानी कोष वा आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोषमा नियमित वचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरू तथा त्यस्ता सञ्चयकर्ताहरूको आफ्नो पति वा पत्नीको नाममा रहेको सम्पत्ति धितो/बन्धकी लिई कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा अन्य स्वीकृत अवकास कोषबाट ऋण सुविधा उपलव्ध गराउँदा लिने धितो/बन्धकीको दृष्टिबन्धक लिखत पारित गर्दा रजिष्ट्रेसन शुल्क छुट हुनेछ।<br>तर सेवा शुल्क रु. २०००।- लाग्नेछ। |
| ७. | क. सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ र बागमती प्रदेशभित्रका स्थानीय तहको कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी/प्रवाह गर्दा पाँच लाख रुपैंयासम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क बापत रु. १०००।- लाग्नेछ। सो भन्दा माथिको थैली अङ्कमा यस अनुसूचीको खण्ड (ग) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | ख. बैकिङ्ग तथा वित्तीय व्यवसाय र वीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू साथै सहकारी संघ/संस्थाहरू एक आपसमा गाभिएमा संस्थाहरूले सो |

| | |
|---|---|
| | प्रयोजनका लागि घर जग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन। |
| ८. | जनआन्दोलन, सशस्त्र संघर्ष र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिद र वेपत्ता पारिएका ब्यक्तिको आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा परिचयपत्र वा आश्रित परिवारको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिस पेस गरेमा यस अनुसूची बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ। |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसङ्ख्यक, सीमान्तकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा उपरोक्त व्यक्तिहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर दलित समुदायका व्यक्तिको हकमा राष्ट्रिय दलित आयोगले प्रकाशित गरेको दलित थरको सूचीमा सूचीकृत दलित थर भएका व्यक्तिहरूको हकमा अन्य छुट्टै प्रमाण आवश्यक पर्ने छैन। |
| १०. | क. महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र बुवा आमा बिहीन नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेसन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर एकल महिलाको हकमा भने पैंतिस प्रतिशत छुट हुनेछ। छुटका लागि सो खुल्ने प्रमाण/कागजात पेस गर्नु पर्नेछ। |
| | ख. गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेसन शुल्कमा पैंतिस प्रतिशत छुट हुनेछ। |
| | ग. देहायको स्थानको जग्गाको पारित हुने लिखतमा पचास प्रतिशत छुट हुनेछः-<br>अ. रसुवा जिल्लाका साविकको स्याफ्रु, लाङ्टाङ, बृद्धिम, थुमन, टिमुरे, यार्सा, समरथली, भोर्ले, धैबुङ्ग, राम्चे, हाकु, लहरेपौवा, ठूलोगाउँ, डाँडागाउँ, गत्लाङ्ग, चिलिमे र गोल्जुङ्ग गाउँ विकास समितिको हकमा।<br>आ. दोलखा जिल्लाका साविकको लामाबगर, गौरीशंकर, आलम्पु, मार्वु, स्यामा, विगु, खारे र चिलंखा गाउँ विकास समितिको हकमा।<br>इ. धादिङ जिल्लाका साविकको सेर्तुङ, तिप्लीङ, लापा, री, झार्लाङ्ग, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दी गाउँ विकास समितिको हकमा। |

| | |
|---|---|
| | ई. सिन्धुपाल्चोक जिल्लाका साविकको तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी गाउँ विकास समितिको हकमा। |
| | घ. हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको थैली अङ्क कायम गरी सो सगोलनामाको लिखतमा पाँच सय रुपैयाँ मात्र रजिष्ट्रेसन शुल्क लाग्नेछ। |
| | ङ. तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ। छुट लिनका लागि खरिद हुन लागेको जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको बैठकले छुट दिने सम्बन्धमा गरेको सिफारिसको निर्णयको प्रमाणित प्रतिलिपि, सोही विषयमा भूमिसुधार/मालपोत कार्यालयको नाममा लेखिएको सिफारिस पत्र र उद्योग सञ्चालन अनुमति लिएको कागजात समेत पेस गर्नु पर्नेछ।<br>तर छुट सुविधा लिई प्राप्त गरेको त्यस्तो जग्गा साविकमा छुट दिन सिफारिस गर्ने निकायबाट उद्देश्य विपरीत प्रयोग भएको छ भनी किटानी सिफारिस गरेमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर तथा सोही बराबरको जरिबाना समेत असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ। |
| ११. | भूमिहीन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्णरुपमा छुट हुनेछ। यसको लागि सो खुल्ने प्रमाण/कागजात/परिचयपत्र तथा घरजग्गा प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहको सिफारिसपत्र पेस गर्नु पर्नेछ। |
| १२. | नेपाल सरकारको निर्णय वा अदालत वा न्यायिक निकाय वा बैङ्क वित्तीय संस्था वा सहकारी संघ संस्थाबाट भई आएको निर्णय वा फैसला वा मिलापत्र बमोजिम दाखिल खारेज गर्नुपर्दा राजस्व असुली प्रयोजनका लागि भूमिसुधार/मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनका लागि तोकेको न्यूनतम मूल्य र फैसला वा मिलापत्र वा दृष्टिबन्धकी लिखतमा उल्लेख भएको थैली रकम वा बैङ्क वित्तीय संस्था वा सहकारी संघसंस्थाको पत्रमा उल्लेख भएको मूल्य वा वैंक वित्तीय संस्था वा सहकारी संस्थाले ऋणी वा धितो जमानी दिने व्यक्तिलाई फिर्ता दिने प्रयोजनका लागि लिखतमा उल्लेख भएको मूल्य वा अदालतबाट भई आउने मूल्याङ्कन वा |

| | |
|---|---|
| | बण्डा मुचुल्कामा रहेको अङ्कमध्ये जुन बढी हुन्छ सोही रकमलाई थैली अङ्क कायम गर्नु पर्नेछ। |
| १३. | मालपोत कार्यालयहरूले सङ्कलन गर्ने घरजग्गा रजिष्ट्रेसन शुल्क मध्येबाट मालपोत/भूमिसुधार/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा स्रेस्ता व्यस्थापनको लागि २(दुई) प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। |

१४. सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भएका सहकारी संघ तथा संस्थाहरूलाई आफ्नो कार्यालय भवन निर्माणका लागि देहायका क्षेत्रमा देहाय क्षेत्रफलसम्मको जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा पचास प्रतिशत छुट हुनेछः-

| ***क्षेत्र*** | ***क्षेत्रफल*** | ***कैफियत*** |
|---|---|---|
| *काठमाडौं उपत्यका* | *१ रोपनी* | *यस्तो छुट उल्लिखित क्षेत्रफलभित्रको जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा एक पटकका लागि मात्र प्रदान गरिनेछ।* |
| *पहाडी क्षेत्र* | *२ रोपनी* | |
| *अन्य क्षेत्र* | *३ कठ्ठासम्म* | |

तर,

(क) यस प्रावधान अन्तर्गत खरिद गरिने घर जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा सम्बन्धित सहकारी संस्थाको पूर्ण स्वामित्व हुने अवस्थामा मात्र छुट प्रदान गरिनेछ।

(ख) व्यवसायिक प्रयोजनका लागि घर जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्दा छुट पाइने छैन। छुट सुविधा लिई खरिद गरिएको घर जग्गा लगायतका अचल सम्पत्ति भाडामा दिन पाइने छैन।

(ग) सहकारी संस्थाले रजिष्ट्रेसन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा वा कुनै पनि किसिमबाट दाखिल खारेज भै गएमा साविकमा छुटका लागि सिफारिस गर्ने नियामक निकायको सिफारिसका आधारमा भूमिसुधार/मालपोत कार्यालयले उक्त जग्गा रोक्का राखी साविकमा छुट दिएको रजिष्ट्रेसन शुल्क वा दस्तुर असुल उपर गरेपछि मात्र उक्त जग्गा फुकुवा गर्नु पर्नेछ।

| | |
|---|---|
| | (घ) रजिष्ट्रेसन शुल्क छुट लिई खरिद गरेको घर जग्गा लगायत अचल सम्पत्ति बिक्री गर्दा सम्बन्धित स्थानीय तह र सहकारी हेर्ने मन्त्रालयको सिफारिस तथा सहमति समेत पेस गर्नु पर्नेछ। |
| १५. | यस अनुसूचीको खण्ड (घ) को सि.नं. ९, १०, ११ बमोजिम छुट दिँदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी हुने कुनै एकमात्र छुट दिइनेछ। |
| १६. | एउटै कारोबारबाट दश लाख रुपैंया वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैङ्कबाट भुक्तानी भएको प्रमाण(गुड फर पेमेन्ट वा बैङ्क ग्यारेन्टी वा ई-पेमेण्ट वा राष्ट्र बैङ्कको निर्देशिका बमोजिम) पेस गरेपछि वा बिक्रेताका नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचर पेस गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ। |
| १७. | पति र पत्नीको संयुक्त नाममा पारित हुने सबै प्रकारका लिखतमा महिला सरह रजिष्ट्रेसन शुल्क छुट दिइनेछ। |
| १८. | तीन पुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा अनुसूची-१ को खण्ड (क) को सि.नं. १ को (घ) को अ) बमोजिम लाग्ने शुल्कको आधा शुल्क लाग्नेछ। |
| १९. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा प्राप्त गर्दा यस अनुसूची बमोजिमको कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन। |
| २०. | कुनै व्यक्तिको स्वामित्वमा रहेको घर जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेसन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिटयान्स प्राप्त भएको बैङ्क को प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिटयान्सबाट खरिद हुने जग्गा वा घर वा घर जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेसन शुल्क छुट दिइनेछ।<br>तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गा वा घर वा घर जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन। |
| २२. | गुठी संस्था दर्ता गर्दा सेवा शुल्क बापत रु. १०००।- लाग्नेछ। |
| २३. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयबाट सङ्कलित घर जग्गा रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर |

| | |
|---|---|
| | बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको क-२.६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि सङ्कलित रकमको चालिस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरूलाई बाँडफाँट गर्नु पर्नेछ। |
| २४. | यस अनुसूचीको खण्ड (घ) को सि.नं. ४, ५ र ६ को छुट पाउने संस्था वा निकायले आफ्नो निकायको कार्यप्रकृतिसँग सम्बन्धित कागजातको साथै सो प्रमाणित हुने सम्बन्धित स्थानीय तहको सिफारिस पनि अनिवार्य रुपमा पेस गर्नु पर्नेछ र सि.नं. १० को खण्ड (ङ) को हकमा सम्बन्धित स्थानीय तहको अतिरिक्त श्रम तथा रोजगार कार्यालयको सिफारिस समेत पेस गर्नु पर्नेछ। |
| २५. | बैङ्क तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाबाट दृष्टिबन्धक लिखत पारित भई पारित लिखतमा ऋण रकम थप गरी पुनः दृष्टिबन्धक लिखत पारितका लागि पेस भएमा थप दृष्टिबन्धक लिखत पारित गर्दा थप ऋण रकमलाई समेत जोडी हुन आउने कुल ऋण रकममध्ये पहिले तिरेको रोक्का शुल्क वा दस्तुर घटाई बाँकी हुन आउने रोक्का दस्तुर मात्र असुल गर्नु पर्नेछ। यो सुविधा यस अनुसूचीको खण्ड (ग) रोक्का दस्तुरको खण्ड (ख) बमोजिम पत्रद्वारा घर वा जग्गा वा घर जग्गा रोक्का राख्दाको अवस्थामा समेत लागू हुनेछ।<br>**<u>उदाहरण</u>**:- मानौ (क) बैङ्क बाट एक करोड रूपैयाँ ऋण रकम कायम गरी सो बापतको शुल्क पन्ध्र हजार रूपैयाँ बुझाई दृष्टिबन्धक लिखत पारित गरिएको रहेछ र पछि सोही बैङ्क बाट सोही धितो र ऋणीमा ऋण रकम एक करोड रूपैयाँ थप गरी दृष्टिबन्धक लिखत पारितका लागि पेस हुन आएमा कुल ऋण रकम दुई करोड रूपैयाँमा प्रदेश आर्थिक ऐनले तोके बमोजिम लाग्ने शुल्क बिस हजार रूपैयाँ रहेछ भने पहिले बुझाइएको शुल्क पन्ध्र हजार रूपैयाँ घटाई बाँकी पाँच हजार रूपैयाँमात्र असुल गर्नु पर्नेछ। |
| २६. | भूमिसुधार/मालपोत कार्यालयबाट प्रवाह हुने सेवा प्राप्त गर्नको लागि कारागारमा रहेका कैदीबन्दी तथा थुनुवा समेतबाट डोर माग भएमा देहाय बमोजिम लिखत पारित गर्नु पर्नेछ। यस किसिमको लिखत बेजिल्ला बेइलाका समेत पारित गर्न सकिनेछ।<br>(क) कारागारमा रहेका कैदीबन्दी तथा थुनुवाले सम्बन्धित कारागार प्रमुख वा निजले तोकेको कर्मचारी समक्ष डोर निवेदन पेस गर्ने,<br>(ख) यस सि.नं. को खण्ड (क) बमोजिमको माग निवेदन उपर कारवाही गर्न कारागार प्रमुख वा निजले तोकेको कर्मचारीले सो निवेदन जग्गा रहेको क्षेत्रको भूमिसुधार/मालपोत कार्यालयमा पठाउने, |

(ग) यस सि.नं. को खण्ड (ख) बमोजिम निवेदन प्राप्त गर्ने भूमिसुधार/मालपोत कार्यालयले लिखत तयार गरी मोठ रोक्का भिडाई ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखतका लागि सक्कलै कागजात निवेदकको अख्तियारप्राप्त व्यक्तिमार्फत र उक्त कागजातको विद्युतीय प्रति तयार गरी कारागार कार्यालयको इमेल ठेगानामा पठाउने,

(घ) यस सि.नं. को खण्ड (ग) बमोजिम कारागारमा लिखत प्राप्त भएपछि भूमिसुधार/मालपोत कार्यालयबाट प्राप्त भएको विद्युतीय प्रतिसँग सक्कल भिडाई कारागार प्रमुख वा तोकिएका कर्मचारीले सम्बन्धित कैदीबन्दी वा थुनुवा पहिचान गरी आफ्नो रोहबरमा उक्त लिखतमा ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत गराउने,

(ङ) यस सि.नं. को खण्ड (घ) बमोजिम कारागार कार्यालयले सम्बन्धित कैदीबन्दी वा थुनुवाको ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत गराए पश्चात सोको विद्युतीय प्रति तयार गरी सम्बन्धित भूमिसुधार/मालपोत कार्यालयको ईमेल ठेगानामा पठाई लिखत कागजात निवेदकको अख्तियारप्राप्त व्यक्ति मार्फत भूमिसुधार/मालपोत कार्यालयमा पठाउने,

(च) यस सि.नं. को खण्ड (क) देखि खण्ड (ङ) सम्मका प्रक्रिया पूरा गरी प्राप्त भएका सक्कलै प्रति तथा विद्युतीय प्रतिलाई परीक्षण गरी यस अनुसूची बमोजिम लाग्ने राजस्व असुल गरी लिखत पारित गर्ने,

(छ) कुनै कारणले लिखतमा ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत हुन नसकी लिखत पारित हुन नसकेको अवस्थामा डोर बापतको दस्तुर भूमिसुधार/मालपोत कार्यालयले फिर्ता गर्नु पर्नेछ।

२७. क. कुनै व्यक्तिले मासिक एक लाख रुपैयाँभन्दा कम बहाल रकम लिनु दिनु गरेको घर बहाल सम्झौताको लिखत सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा कार्यालयमा दर्ता गर्न ल्याएमा कार्यालयले त्यस्तो लिखतमा उल्लेख भएको घरबहाल बापत प्राप्त हुने पहिलो महिनाको बहाल रकमलाई थैली अङ्क मानी त्यस्तो थैली अङ्कको देहाय अनुसारको दरमा शुल्क लिई लिखत दर्ता गरी रजिष्ट्रेसन गर्नु पर्नेछः-

| **महानगरपालिका तथा उपमहानगरपालिकाको क्षेत्रमा** | **नगरपालिकाको क्षेत्रमा** | **गाउँपालिकाको क्षेत्रमा** |
|---|---|---|
| १% | ०.५% | ०.२५% |

| | |
|---|---|
| | ख. माथि खण्ड क. अनुसार स्थानीय तहले सङ्कलन गरेको शुल्क सम्बन्धित स्थानीय तहले आफ्नो विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ। सम्बन्धित स्थानीय तहले यसरी जम्मा भएको रकम मध्ये साठी प्रतिशत रकम आफ्नो स्थानीय सञ्चित कोषमा र बाँकी चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |

# अनुसूची- २(क)

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

### (क) सवारी साधन कर

१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. | कार, जीप, भ्यान माइक्रोबस | |
| | (अ) १००० सि.सि.सम्म | रु.२२०००/- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि.सम्म | रु. २५०००।- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि.सम्म | रु. २७०००।- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि.सम्म | रु. ३७०००।- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि.सम्म | रु. ५००००।- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि.सम्म | रु. ६५०००।- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि सबै | रु. ७००००।- |
| ख. | डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ४००००।- |
| | (आ) ट्रीपर | रु.३९०००।- |
| | (इ) मिनिट्रिपर | रु.३३०००।- |
| ग. | ट्र्याक्टर, पावरटिलर | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु. ६०००।- |
| | (आ) ट्र्याक्टर | रु. ५५००।- |
| | (इ) पावरटिलर | रु. ४५००।- |
| | (ई) मिनिट्रक/मिनिबस | रु. २७०००।- |
| | (उ) ट्रक/बस | रु. ३५०००।- |
| घ. | मोटरसाइकल/स्कुटर | |
| | (अ) १२५ सि.सि.सम्म | रु. ३०००।- |
| | (आ) १२५ सि.सि. भन्दा माथि १५० सि.सि.सम्म | रु. ५०००।- |
| | (इ) १५० सि.सि. भन्दा माथि २२५ सि.सि.सम्म | रु. ६५००।- |
| | (ई) २२५ सि.सि. भन्दा माथि ४०० सि.सि.सम्म | रु. १२०००।- |
| | (उ) ४०० सि.सि. भन्दा माथि ६५० सि.सि.सम्म | रु. २५०००।- |
| | (ऊ) ६५० सि.सि. भन्दा माथि सबै | रु. ३५०००।- |

२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. कार, जीप, भ्यान, माइक्रो बस | | |
| | (अ) १००० सि.सि.सम्म | रु.११०००।- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि.सम्म | रु.१२५००।- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि.सम्म | रु.१३५००।- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि.सम्म | रु.१४५००।- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि.सम्म | रु.१६५००।- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि.सम्म | रु.१७५००।- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि.सम्म | रु.१९०००।- |
| | (ए) ४००० सि.सि. भन्दा माथि सबै | रु.२२०००।- |
| ख. डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | | रु. २१०००।- |
| ग. ट्रिपर | | रु. १९०००।- |
| घ. मिनिट्रिपर | | रु. १८०००।- |
| ङ. ट्र्याक्टर, पावर टिलर | | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु.६०००।- |
| | (आ) ट्र्याक्टर | रु.५५००।- |
| | (इ) पावर टिलर | रु.४५००।- |
| | (ई) मिनिबस/मिनिट्रक | रु.१५०००/- |
| | (उ) ट्रक/बस/पानी ट्याङ्कर | रु.२००००/- |
| | (ऊ) तेल ट्याङ्कर | रु.२२०००।- |
| | (ए) ग्यास बुलेट | रु.२५०००।- |

३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| क. कार, जीप, भ्यान माइक्रोबस र बस | | |
| | (अ) ५० किलोवाटसम्म | रु.५०००।- |
| | (आ) ५० किलोवाटभन्दा माथि १२५ किलोवाट सम्म | रु. १५०००।- |

| | | |
|---|---|---|
| | (इ) १२५ किलोवाटभन्दा माथि २०० किलोवाट सम्म | रु. २००००।- |
| | (ई) २०० किलोवाटभन्दा माथि | रु. ३००००।- |
| ख. मोटरसाइकल/स्कुटर | | |
| | (अ) ५० वाटसम्म | रु.१०००।- |
| | (आ) ५० वाटभन्दा माथि ३५० वाटसम्म | रु. १५००।- |
| | (इ) ३५० वाटभन्दा माथि १००० वाटसम्म | रु. २०००।- |
| | (ई) १००० वाटभन्दा माथि १५०० वाटसम्म | रु.२५००।- |
| | (उ) १५०० वाटभन्दा माथि | रु.३०००।- |

४. भाडामा दर्ता भएका विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| **सि.नं.** | **सवारी साधनको विवरण** | **वार्षिक सवारी कर** |
|---|---|---|
| क. कार, जीप, भ्यान माइक्रोबस र बस | | |
| | (अ) २० किलोवाटभन्दा माथि ५० किलोवाटसम्म | रु.३०००।- |
| | (आ) ५० किलोवाटभन्दा माथि १२५ किलोवाटसम्म | रु. ५०००।- |
| | (इ) १२५ किलोवाटभन्दा माथि २०० किलोवाट सम्म | रु. १००००।- |
| | (ई) २०० किलोवाटभन्दा माथि | रु. १५०००।- |

## (ख) विविध

| | |
|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको सवारी साधनलाई यस अनुसूचीको खण्ड (क) को क्र.सं. २ मा उल्लेख भए बमोजिम भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ।<br>तर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको दुई पाङ्ग्रे सवारी साधनमा यस अनुसूचीको खण्ड (क) को क्र.सं. १ को सि.नं.घ. मा उल्लेख भए बमोजिम निजी दुई पाङ्ग्रे सवारी साधन लाग्ने सरह कर लाग्नेछ। |
| २. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको विद्युतीय सवारी साधनमा यस अनुसूचीको खण्ड (क) को क्र.सं. ४ मा उल्लेख भए बमोजिम भाडामा दर्ता भएको सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ।<br>तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएको दुई पाङ्ग्रे विद्युतीय सवारी साधनमा यस अनुसूचीको खण्ड (क) को क्र.सं. ३ को |

| | |
|---|---|
| | सि.नं.ख. मा उल्लेख भए बमोजिम निजी विद्युतीय दुई पाङ्ग्रे सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ। |
| ३. | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अधिकांश वा पूर्ण स्वामित्व रहेको सार्वजनिक संस्थान तथा पर्यटकीय सवारी साधनको हकमा सवारी साधनको प्रकृति अनुसार (गैर विद्युतीय वा विद्युतीय) यस अनुसूचीको खण्ड (क) को क्र.सं. १ वा क्र.सं. ३ मा उल्लेख भए बमोजिम निजी सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ। |
| ४. | सुरु पैठारी मितिले एक बर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ।<br>तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। यस्तो सुविधा सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्राविधिकले तयार गरेको प्राविधिक परीक्षण प्रतिवेदनको आधारमा मात्र प्रदान गरिनेछ। |
| ५. | (क) कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको सवारी साधन दुर्घटनाका कारण बिग्रिई सञ्चालनमा आउन नसक्ने भनी यातायात क्षेत्र हेर्ने मन्त्रालयले प्रमाणित गरेमा प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्ने छैन।<br>(ख) माथि खण्ड (क) बमोजिम यातायात क्षेत्र हेर्ने मन्त्रालयमा प्रमाणीकरणको लागि पेस गर्दा त्यस्तो सवारी साधन प्रयोगमा नआउनुको कारण र अवधिको सम्बन्धमा सवारी साधन रहेको स्थानीय तह र नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस अनिवार्य पेस गर्नु पर्नेछ। |
| ६. | साविक बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना बिस वर्ष नकाटेका सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढी अवधिको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप सवारी साधन कर लाग्नेछ।<br>तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको प्रचलित कर रकमभन्दा बढी हुने छैन। |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रुपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |

| | |
|---|---|
| ८. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बिस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ९. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १०. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सि.सि.सम्मका स्कुटर (थप दुइ चक्का जडित) मा सवारी साधन कर लाग्ने छैन। |
| ११. | नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरूले जफत गरी लिलाम बिक्री गरेका सवारी साधनको हकमा उक्त सवारी साधन जफत गरेदेखि लिलाम प्रकृया समाप्त नभएसम्मको अवधिको सवारी कर लाग्ने छैन। |
| १२. | ट्राफिक कारवाहीमा परेका, विभिन्न कसुरमा नियन्त्रणमा लिइएका र सवारी धनी यकीन नभई लामो समयदेखि ट्राफिक कार्यालयको नियन्त्रणमा रहेका सवारी साधनहरूको ट्राफिक कार्यालयको समन्वयमा लगत सङ्कलन गरी सवारी धनी पत्ता लगाई निजबाट त्यस्ता सवारीको कर, शुल्क तथा जरिबाना सङ्कलन गरिनेछ। |
| १३. | अदालत र अन्य न्यायिक वा अर्ध न्यायिक निकायमा दशी प्रमाणको रुपमा रहेको सवारी साधनको मुद्दाको टुंगो नलागुञ्जेल प्रयोगमा नआउने हुँदा अदालत वा त्यस्तो निकायको फैसला र आधिकारिक पत्रका आधारमा सो सवारी साधन प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्ने छैन। एक आर्थिक वर्षभन्दा कम अवधि प्रयोगमा नआएको भएमा दामाशाहीले हिसाब गर्नु पर्नेछ। |
| १४. | अनलाइन माध्यमबाट कर तिर्ने सवारी धनिले प्रचलित कानून बमोजिम तोकिएको म्याद भित्र कर भुक्तानी गरी दर्ता किताबमा नवीकरण समेत गराउनु पर्नेछ। सवारी धनीले अनलाइन माध्यमबाट प्रचलित कानून बमोजिम तोकिएको म्याद भित्र कर बुझाएको तर दर्ता किताब नवीकरण नगरेको हकमा करमा जरिबाना लाग्ने छैन तर नवीकरणमा तोकिए बमोजिम जरिबाना लाग्नेछ। |

# अनुसूची- २(ख)

(दफा ४ सँग सम्बन्धित)

## प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लिईने शुल्क तथा दस्तुर

### (क) सवारी चालक अनुमतिपत्र तथा आवेदन दस्तुर

| वर्ग | सवारीको किसिम | आवेदन दस्तुर (रु.) | सवारी चालक अनुमतिपत्र, नवीकरण दस्तुर (रु.) | वर्ग थप (रु.) |
|---|---|---|---|---|
| क<br>A | मोटरसाईकल, स्कुटर, मोपेड<br>Motorcycle, Scooter, Mopped | ५००।- | १५००।- | ५००।- |
| K | स्कुटर<br>Scooter | ५००।- | १५००।- | ५००।- |
| ख<br>B | कार, जीप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | ५००।- | २०००।- | ५००।- |
| ग<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Auto Rikshaw | ५००।- | २०००।- | ५००।- |
| घ<br>D | पावर टिलर<br>Power Tillar | ५००।- | २०००।- | ५००।- |
| ङ<br>E | ट्र्याक्टर<br>Tractor | ५००।- | २५००।- | ५००।- |
| च<br>F | मिनिवस, मिनी ट्रक<br>Minibus, Mini Truck | ५००।- | २५००।- | ५००।- |
| छ<br>G | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry | ५००।- | ३०००।- | १०००।- |
| ज<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer<br>H1=Dozer<br>H2=Road Roller | ५००।- | ३०००।- | १०००।- |
| झ<br>I | क्रेन, दमकल, लोडर<br>I1=Crane | ५००।- | ३०००।- | १०००।- |

| | | | | |
|---|---|---|---|---|
| | I2 = Fire Brigade<br>I3 = Loader | | | |
| J | J1 = Excavator<br>J2 = Backhoe Loader<br>J3 = Grader<br>J4 = Forklift<br>J5 = Other | ५००।- | ३०००।- | १०००।- |

**स्पष्टीकरणः**

(१) एकभन्दा बढी वर्गको सवारी चालक अनुमतिपत्र भएका व्यक्तिका हकमा नवीकरण गर्दा सबैभन्दा बढी दस्तुर लाग्ने सवारी वर्गको नवीकरण दस्तुर लाग्नेछ र बाँकी वर्गका सवारी चालक अनुमतिपत्र स्वतः नवीकरण हुनेछ।

(२) सवारी चालक अनुमतिपत्रको प्रतिलिपि बापत पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

(३) सवारी चालक अनुमतिपत्रको प्रमाणीकरण बापत एक हजार रुपैयाँ दस्तुर लाग्नेछ।

## (ख) सवारी साधन सम्बन्धी अन्य दस्तुर

१. सवारी साधन दर्ता र सरुवा दर्ता दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | २०००।- |
| | | | सार्वजनिक | २५००।- |
| २. | मझौला सवारी | | निजी | १५००।- |
| | | | सार्वजनिक | २०००।- |
| ३. | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | १२००।- |
| | | | सार्वजनिक | १५००।- |
| | | ख. मोटरसाइकल, स्कुटर | निजी | १०००।- |
| | | | सार्वजनिक | १०००।- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

२. सवारी साधन सरुवा सहमति दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | दस्तुर (रु.) |
|---|---|---|---|
| १. | ठूला सवारी | | २०००।- |
| २. | मझौला सवारी | | १५००।- |
| ३. | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | १०००।- |
| | | ख. मोटरसाइकल, स्कुटर | ५००।- |

३. सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुर (प्रति सवारी):-

| सि.नं. | सवारीको वर्गीकरण | | दस्तुर (रु.) |
|---|---|---|---|
| १. | ठूला सवारी | | १५००।- |
| २. | मझौला सवारी | | १२००।- |
| ३. | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | १०००।- |
| | | ख. मोटरसाइकल, स्कुटर | ७००।- |

**स्पष्टीकरणः** सनाखतको अवधि पैंतिस दिनको हुनेछ। सो अवधिपछि पेस भएमा थप पैंतालिस दिनको लागि रु. एक हजार जरिबाना लाग्नेछ र सो अवधि पश्चात थप नब्बे दिनसम्मको लागि रु. दुई हजार जरिबाना लाग्नेछ। सो अवधि पश्चात उक्त सनाखत स्वतः बदर हुनेछ।

४. सवारी साधनको अस्थायी दर्ता दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | १२००।- |
| | | | सार्वजनिक | १५००।- |
| २. | मझौला सवारी | | निजी | १०००।- |
| | | | सार्वजनिक | १२००।- |
| ३. | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ८००।- |
| | | | सार्वजनिक | १०००।- |
| | | ख. मोटरसाइकल, स्कुटर | निजी | ८००।- |
| | | | सार्वजनिक | ८००।- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

५. विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमतिपत्र दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | दस्तुर (रु.) |
|---|---|---|
| १. | ठूला सवारी र मझौला सवारी | ५०००।- |
| २. | साना सवारी | ३०००।- |

६. सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | ५००।- |
| | | | सार्वजनिक | १०००।- |
| २. | मझौला सवारी | | निजी | ५००।- |
| | | | सार्वजनिक | ८००।- |
| ३. | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ५००।- |
| | | | सार्वजनिक | ५००।- |
| | | ख. मोटरसाइकल, स्कुटर | निजी | ३००।- |
| | | | सार्वजनिक | ५००।- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

द्रष्टव्यः सवारी साधन दर्ता गरेको मितिलाई आधार मानी नवीकरण गर्नु पर्ने मिति कायम गरिनेछ।

७. सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | २०००।- |
| | | | सार्वजनिक | २२००।- |
| २. | मझौला सवारी | | निजी | १५००।- |
| | | | सार्वजनिक | २०००।- |
| ३. | साना सवारी | क. कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | १२००।- |
| | | | सार्वजनिक | १५००।- |
| | | ख. मोटरसाइकल, स्कुटर | | १०००।- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

द्रष्टव्यः (१) सवारी साधनको नामसारी रोक्का र रोक्का फुकुवा शुल्क नामसारी दस्तुरको आधा लाग्नेछ।

(२) सवारी दर्ता किताब (ब्ल्यु बुक) प्रतिलिपि दस्तुर रु. २००।- लाग्ने छ।

८. बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत, अर्धवार्षिक):-

| सि.नं. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण | |
|---|---|---|---|
| | | ठूला र मझौला बस मिनिबस आदि (रु.) | ठूला र मझौला ट्रक, मिनिट्रक आदि (रु.) |
| १. | १ देखि ५० कि.मि.सम्म | ८००।- | १०००।- |
| २. | ५० भन्दा माथि १०० कि.मि.सम्म | १०००।- | १२००।- |
| ३. | १०० भन्दा माथि १५० कि.मि.सम्म | १२००।- | १४००।- |
| ४. | १५० भन्दा माथि २०० कि.मि.सम्म | १४००।- | १७००।- |
| ५. | २०० भन्दा माथि २५० कि.मि.सम्म | १५००।- | १८००।- |
| ६. | २५० भन्दा माथि ३०० कि.मि.सम्म | १८००।- | २०००।- |
| ७. | ३०० भन्दा माथि ३५० कि.मि.सम्म | २०००।- | २३००।- |
| ८. | ३५० भन्दा माथि ४०० कि.मि.सम्म | २१००।- | २४००।- |
| ९. | ४०० भन्दा माथि ४५० कि.मि.सम्म | २३००।- | २६००।- |
| १० | ४५० भन्दा माथि ५०० कि.मि.सम्म | २६००।- | २९००।- |
| ११. | ५०० भन्दा माथि ५५० कि.मि.सम्म | ३२००।- | ३३००।- |
| १२. | ५५० भन्दा माथि ६०० कि.मि.सम्म | ३३००।- | ३४००।- |
| १३. | ६०० भन्दा माथि ६५० कि.मि.सम्म | ३५००।- | ३६००।- |
| १४. | ६५० भन्दा माथि ७०० कि.मि.सम्म | ३८००।- | ३९००।- |
| १५. | ७०० कि.मि. भन्दा माथि | ४२००।- | ४३००।- |

**द्रष्टव्यः** बाटो इजाजतपत्र कार्यालय सरुवा दस्तुर रु. ५००।- थप लाग्ने छ।

९. पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण दस्तुर):-

| सि.नं. | दुरी | रकम दस्तुर (रु.) |
|---|---|---|
| १. | १ देखि ५० कि.मि.सम्म | ६००।- |
| २. | ५० भन्दा माथि १०० कि.मि.सम्म | ८००।- |
| ३. | १०० भन्दा माथि १५० कि.मि.सम्म | १०००।- |
| ४. | १५० भन्दा माथि २५० कि.मि.सम्म | १२००।- |
| ५. | २५० कि.मि. भन्दा माथि | १६००।- |

१०. तोकिएको निश्चित बाटो वा क्षेत्रभित्र (रुट) सञ्चालनार्थ लाग्ने बाटो दस्तुरः-

| सि.नं. | सवारीको वर्गीकरण | रकम दस्तुर (रु.) |
|---|---|---|
| १. | चौध सिट वा सोभन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षमता भएको ट्याक्टर, पावर टिलर | ५००।- |
| २. | मिटर भएको ट्याक्सी | ५००।- |
| ३. | मिटर भएको टेम्पो | ४००।- |
| ४. | काठमाडौं उपत्यकाभित्र चल्ने मिनि ट्रक/ट्रिपर | ३५००।- |
| ५. | नेपालभर चल्ने मालवाहक सवारी साधन | १५०००।- |

११. जाँचपास प्रमाणपत्र, प्रदूषण स्टिकर तथा अन्य दस्तुरः-

| सि.नं. | विवरण | रकम दस्तुर (रु.) |
|---|---|---|
| १. | ठूला सवारी जाँचपास | १०००।- |
| २. | मझौला सवारी जाँचपास | ७००।- |
| ३. | साना सवारी जाँचपास | ५००।- |
| ४. | प्रदूषण स्टिकर दस्तुर | ३५।- |
| ५. | डोर मुकाम दस्तुर प्रति सवारी (प्राविधिक परीक्षण कार्यालयमा गराउनु पर्ने) | ३०००।- |
| ६. | चार पाङ्ग्रे सवारी साधन लगत कट्टा दस्तुर | १०००।- |
| ७. | दुई पाङ्ग्रे सवारी साधन लगत कट्टा दस्तुर | ५००।- |
| ८. | सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको सि.सि.टि.भि रेकर्ड हेर्ने दस्तुर | १०००।- |
| ९. | सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको पुनर्योग आवेदन दस्तुर | १०००।- |
| १०. | पटके बाटो इजाजत दस्तुर प्रति ५० कि.मि. | १५०।- |

१२. यातायात सेवाको नाम पञ्जिकृत गराउँदा लाग्ने दस्तुरः-

| सि.नं. | पुँजी | दस्तुर (रु.) |
|---|---|---|
| १. | १५ लाख रुपैयाँसम्मको लागि | १००००।- |
| २. | १५ लाख रुपैयाँभन्दा बढी ५० लाख रुपैयाँसम्मको लागि | १५०००।- |
| ३. | ५० लाख रुपैयाँभन्दा बढीको लागि | २००००।- |

**द्रष्टब्यः** तर थप गर्न प्रति सवारी साधन साना सवारी साधनको हकमा एक हजार रुपैयाँ, मझौला सवारी साधनको हकमा दुई हजार रुपैयाँ र ठूला सवारी साधनको हकमा दुई हजार पाँच सय रुयैयाँ दस्तुर लाग्नेछ।

१३. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण दस्तुरः-

| सि.नं. | पुँजी | दस्तुर (रु.) |
|---|---|---|
| १. | १५ लाख रुपैयाँसम्मको लागि | १००००।- |
| २. | १५ लाख रुपैयाँभन्दा बढी ५० लाख रुपैयाँसम्मको लागि | १५०००।- |
| ३. | ५० लाख रुपैयाँभन्दा बढी जतिसुकै बढी भएपनि | २००००।- |

<u>**द्रष्टव्यः**</u> तर थप गर्न प्रति सवारी साधन साना सवारी साधनको हकमा एक हजार रुपैयाँ, मझौला सवारी साधनको हकमा दुई हजार रुपैयाँ र ठूला सवारी साधनको हकमा दुई हजार पाँच सय रुयैयाँ दस्तुर लाग्नेछ।

१४. शिक्षण केन्द्र सञ्चालन गर्ने अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः-

| सि.नं. | पुँजी | दस्तुर (रु.) |
|---|---|---|
| १. | ५ लाख रुपैयाँसम्मको लागि | १००००।- |
| २. | ५ लाख रुपैयाँभन्दा बढी १० लाख रुपैयाँसम्मको लागि | १५०००।- |
| ३. | १० लाख रुपैयाँभन्दा बढी २० लाख रुपैयाँसम्मको लागि | २००००।- |
| ४. | २० लाख रुपैयाँभन्दा जतिसुकै बढी भएपनि | ३००००।- |

१५. कारखाना, वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः-

| सि.नं. | पुँजी | दस्तुर (रु.) |
|---|---|---|
| १. | २ लाख रुपैयाँसम्मको लागि | ५०००।- |
| २. | २ लाख रुपैयाँभन्दा बढी ५ लाख रुपैयाँसम्मको लागि | १००००।- |
| ३. | ५ लाख रुपैयाँभन्दा बढी १० लाख रुपैयाँसम्मको लागि | १५०००।- |
| ४. | १० लाख रुपैयाँभन्दा जतिसुकै बढी भएपनि | २००००।- |

१६. सवारी साधन बिक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालन अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः-

| सि.नं. | स्थिर पुँजी | अनुमतिपत्र दस्तुर (रु.) | नवीकरण दस्तुर (रु.) |
|---|---|---|---|
| १. | ३ करोड रुपैयाँसम्म (साना उद्योग) | ८०००।- | ४०००।- |
| २. | ३ करोड रुपैयाँभन्दा बढी १० करोड रुपैयाँसम्म (मझौला उद्योग) | १२०००।- | ६०००।- |

| | | | |
|---|---|---|---|
| ३. | १० करोड रुपैयाँदेखि माथि (ठूला उद्योग) | ४००००।- | २००००।- |

१७. विद्युतीय सूचना प्रणालीमा आधारित राईड सेयरिङ्ग सेवा दिने संस्था दर्ता तथा नवीकरण शुल्कः-

| सि.नं. | सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम | दर्ता/अनुमति शुल्क (रु.) | नवीकरण शुल्क (प्रतिवर्ष) (रु.) |
|---|---|---|---|
| १. | दुई पाङ्ग्रे मात्र | २५०००।- | १२५००।- |
| २. | चार पाङ्ग्रे मात्र | ५००००।- | २५०००।- |
| ३. | दुई पाङ्ग्रे र चार पाङ्ग्रे दुवै | ७००००।- | ३५०००।- |

## (ग) विविध

| | |
|---|---|
| १. | दश लाख रुपैंयाभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| २. | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ तथा प्रचलित कानून विपरीत ट्राफिक नियम उल्लङ्घन गरेबापत ट्राफिक प्रहरीबाट सवारी धनीहरूसँग असुल गरिने दण्ड जरिबाना बापतको रकम बागमती प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयहरूले प्रदेशको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| ३. | सवारी साधनको भारवहन क्षमता र सडकको क्षमता भन्दा अधिक भार बोकेमा मालवाहक सवारीका सम्बन्धमा देहायका सुत्रका आधारमा तराई र पहाडमा तोकिएको दर अनुसार जरिबाना हिसाब गरी असुल उपर गरिनेछ। अधिक भारमा जरिबाना गणनाः Over Weight (Ton) x Distance (K.M.) x Terai Rate/Hill Rate + Fine |
| ४. | प्रदेशभित्र सवारी साधन खरिद बिक्री गर्ने शोरुम, रिकन्डिशन हाउस (सवारी साधनहरू खरिद बिक्री गर्ने उद्देश्य राखी दर्ता भएका व्यवसाय)ले अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयमा समेत दर्ता तथा नवीकरण हुनु पर्नेछ। |

# अनुसूची- ३

(दफा ५ सँग सम्बन्धित)

## मनोरञ्जन कर

### (क) प्रति टिकटमा लाग्ने मनोरञ्जन कर

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १. | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरूलाई बिक्री गरेको प्रति टिकटमा (नेपाली चलचित्रको हकमा) | ४% |
| | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरूलाई बिक्री गरेको प्रति टिकटमा (बिदेशी चलचित्रको हकमा) | ५% |
| २. | केबलकार, बञ्जिजम्प, जिपलाईन, प्याराग्लाइडिङ, क्यान्योनिङ, ऱ्याफ्टिङ प्रति टिकटमा **(स्पष्टीकरणः केबलकारको हकमा प्रति यात्रु टिकटमा मात्र मनोरञ्जन कर लाग्नेछ। सामान मालबस्तु ढुवानीको हकमा जारी गरिने टिकटमा मनोरञ्जन कर लाग्ने छैन।)** | २% |
| ३. | क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति टिकटमा | रु.५०।- |

### (ख) वार्षिक एकमुष्ट लाग्ने मनोरञ्जन कर

| सि.नं. | विवरण | वार्षिक करको दर (रु.) | | |
|---|---|---|---|---|
| | | महानगर/ उपमहानगरपालिका | नगरपालिका | गाउँपालिका |
| १. | थियटर/नाटकघर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, ओपेरा | १००००।- | ७०००।- | ५०००।- |
| २. | डान्स बार, नाईट क्लब/ रात्रीकालीन सेवा | १०००००।- | ५००००।- | २५०००।- |
| ३. | दोहोरी साँझ/रोदी घर | ३००००।- | १००००।- | ५०००।- |
| ४. | मसाज एवम् स्पा | ३००००।- | १००००।- | ५०००।- |
| ५. | फनपार्क, आकाशे सिसाको पूल | ५००००।- | ३००००।- | १००००।- |

| | | | | |
|---|---|---|---|---|
| ६. | फुटसल, पुल हाउस, स्वीमिङ पूल, जीम हाउस | १००००।- | ७०००।- | ५०००।- |
| ७. | स्वीङ, वाटर गार्डेन, बाल उद्यान, पार्क, ताल तलैया, क्रुज, बोटिङ वा डुङ्गा सफारी, रक क्लाइम्बिङ | ५०००।- | ३०००।- | २०००।- |

## (ग) मेला/महोत्सव/कन्सर्टमा लाग्ने मनोरञ्जन कर

| विवरण | कार्यक्रमको विवरण | स्थानीय तह अनुसार करको दर (रु.) | | |
|---|---|---|---|---|
| | | महानगर/उपमहानगर पालिका | नगरपालिका | गाउँपालिका |
| मेला/महोत्सव/ कन्सर्ट (सर्कस, खेल समावेश मेला, जादु, चटके तथा अन्य व्यवसायिक मेला) | १ दिनको | १५०००।- | १००००।- | ५०००।- |
| | २ देखि ७ दिनसम्म | २५०००।- | २००००।- | १००००।- |
| | ८ देखि १५ दिनसम्म | ५००००।- | ३५०००।- | २००००।- |
| | १६ देखि ३० दिनसम्म | ७००००।- | ५००००।- | ४००००।- |
| | ३० दिन भन्दा बढी | १०००००।- | ७५०००।- | ५००००।- |

# अनुसूची- ४

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## कृषि आयमा कर

| सि.नं. | आयको वर्गीकरण | करको दर |
|---|---|---|
| (क) | कुल आय पाँच लाख रुपैयाँसम्म | शून्य दर |
| (ख) | कुल आय पाँच लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | १.५% |
| (ग) | कुल आय पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | १.७५% |
| (घ) | कुल आय एक करोड रुपैयाँभन्दा बढी | २% |

१. कृषि आयमा लाग्ने कर कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गत रहेका जिल्ला स्तरका कृषि विकास कार्यालय मार्फत सङ्कलन गरिनेछ।

२. बार्षिक पाँच लाख रुपैंयाभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित कार्यालयमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेस गर्नु पर्नेछ। यसरी सङ्कलन भएको कर प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। कर दाखिला सम्बन्धी विवरण सम्बन्धित कार्यालयले अर्को महिनाको २५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

# अनुसूची- ५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## <u>ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क</u>

<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>एकाइ</th><th>दर (रु.)</th></tr>
<tr><td>१.</td><td>माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा)</td><td>प्रति घन फिट</td><td>३।५०</td></tr>
<tr><td>२.</td><td>ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा)</td><td>प्रति घन फिट</td><td>७।-</td></tr>
<tr><td>३.</td><td>स्लेट (स्वीकृत खानी क्षेत्र बाहेक)</td><td>प्रतिवर्ग फिट</td><td>७।-</td></tr>
<tr><td>४.</td><td colspan="3">वन सम्बन्धी सङ्घीय तथा प्रदेश कानूनबाट नियमन हुने काठ दाउरा बाहेकका, नदीले बगाई ल्याएका काठ, दाउरा तथा जराजुरी जस्ता दहत्तर बहत्तर सामाग्रीको सङ्कलनमा सङ्कलनकर्ताबाट देहाय अनुसार शुल्क असुल उपर गरिनेछ।<br>
<table>
<tr><th>सि.नं.</th><th>प्रजाति</th><th>मूल्य</th></tr>
<tr><td>१.</td><td>खयर</td><td>रु. ४०।- प्रति किलो ग्राम</td></tr>
<tr><td>२.</td><td>साल</td><td>रु. १५०।- प्रति ठूटो</td></tr>
<tr><td>३.</td><td>अन्य</td><td>रु. ५०।- प्रति ठूटो</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td colspan="3">सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क रु.३।५० प्रति घन फिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरूलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी वार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ।</td></tr>
<tr><td>६.</td><td colspan="3">व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा यसै अनुसूचीको सि.नं. १ बमोजिमको दरमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृति दिनु पर्नेछः<br>क. साँध सिमानामा पर्ने जग्गा धनीको लिखित सहमति भएको हुनु पर्नेछ,</td></tr>
</table>

| | |
|---|---|
| | ख. माटो उत्खनन गर्दा प्राकृतिक स्रोतको दुरुपयोग नहुने गरी तथा भूक्षय र पहिरोको जोखिम नहुने गरी एवं भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, नदी, सार्वजनिक बाटो, वन, कृषि योग्य भूमि र साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ। |
| ७. | कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि.नं. २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने। |
| ८. | प्रत्येक स्थानीय तहले माथि सि.नं. १, २ र ३ बमोजिमका सामग्री बिक्रीको लागि ठेक्का खोलेकोमा त्यस्तो ठेक्का सम्बन्धी विवरण ठेक्का लागेको एक महिनाभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ। आर्थिक मामिला तथा योजना मन्त्रालयले समय समयमा त्यसरी बुझाउनु पर्ने विवरणको ढाँचा निर्धारण गरी स्थानीय तहहरूलाई उपलब्ध गराउन सक्नेछ। |

# अनुसूची- ६

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन र प्रशोधन वा बिक्री वितरणमा यस ऐनको उल्लङ्घन गरेमा लाग्ने जरिबाना

| सि.नं. | उल्लङ्घनको किसिम | जरिबाना |
|---|---|---|
| १. | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन वा साधनको) | |
| | क. मेशिन स्काभेटर व्याक हो लोडर | रु. ३५०००।- |
| | ख. ट्रिपर वा ट्रक | रु. २००००।- |
| | ग. मिनी ट्रक | रु. १५०००।- |
| | घ. ट्याक्टर | रु. १००००।- |
| २. | विना अनुमति मेशिनरी औजार प्रयोग गरि उत्खनन् सङ्कलन गरेको पाइएमा(प्रति मेशिन वा साधनको) | रु. २५०००।- |
| ३. | तोकिएको भन्दा बढी गहिराइमा उत्खनन् गरेमा | प्रति घन मिटर रु. २०००।- |
| ४. | तोकिएकोभन्दा बढी संख्यामा मेशिन प्रयोग गरेमा(प्रति मेशिन) | रु. २५०००।- |
| ५. | विहान ६ बजेअघि र वेलुकी ६ बजे पश्चात उत्खनन् वा सङ्कलन कार्य गरेमा | सि.नं. १ अनुसारको जरिबाना |
| ६. | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा(प्रति मेशिन वा साधन) | रु. २००००।- |
| ७. | निषेधित क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा | रु. ५००००।- |
| ८. | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा सङ्कलन वा सञ्चय गरेमा | एकमुष्ठ रु. ३००००।- र प्रति घन फिट रु.१७।- थप जरिबाना |
| ९. | सि.नं. १ देखि ८ सम्मको कसुर पुनः दोहोऱ्याएमा | तोकिएको जरिबाना रकममा पच्चीस प्रतिशत थप जरिबाना |

| सि.नं. | उल्लङ्घनको किसिम | जरिबाना |
|---|---|---|
| १०. | निषेधित महिनामा वा निषेधित क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा | १. उत्खनन् वा सङ्कलन गरेको सामग्री जफत गरी प्रति घन मिटर रु. २०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| ११. | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. १०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| १२. | प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. १०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| १३. | प्रशोधित ढुङ्गा, गिट्टी, वालुवा, धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगबाट जारी भएको छुट्टै भ्याट विल तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. १०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| १४. | निजी जग्गाको अप्रशोधित सामग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमति पत्र, प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निस्सा साथमा नभेटिएमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |

| सि.नं. | उल्लङ्घनको किसिम | जरिबाना |
|---|---|---|
| १५. | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| १६. | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट, समय, गति वा संख्यामा ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| १७. | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद बिक्री परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिबाना | प्रति घनफिट रु. १७।- |
| १८. | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी सञ्चालक वा खानीजन्य उद्योगको चलान पुर्जा विना ढुवानी गरेमा वा तोकिएको रुट भन्दा अन्यत्रबाट उत्खनन् गरिएको पदार्थ ढुवानी गरेमा | १. सवारी साधनको क्षमता अनुसार सवारीको प्रति घन मिटर क्षमतामा रु. २०००।-<br>२. एक पटकभन्दा बढी उल्लङ्घन गरेकोमा प्रत्येक पटक दोब्बर जरिबाना हुने |
| १९. | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरीत क्रशिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा (वार्षिक जरिबाना) | ठूला उद्योग रु.५००००।- |
| | | मझौला उद्योग रु.३००००।- |
| | | साना उद्योग रु.१५०००।- |
| २० | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन | ठूला उद्योग रु.५००००।- |
| | | मझौला उद्योग रु.३००००।- |

| सि.नं. | उल्लङ्घनको किसिम | जरिबाना |
|---|---|---|
| | गरेमा (वार्षिक जरिबाना) (सुरु मिति देखि गणना हुने गरी हालसम्म) | साना उद्योग रु.१५०००।- |
| २१. | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरे तापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक जरिबाना (सुरु मिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग रु.५००००।- |
| | | मझौला उद्योग रु.३००००।- |
| | | साना उद्योग रु.१५०००।- |
| २२. | कम्पनी दर्ता गरी इजाजत लिइ उद्योग सञ्चालन गरेता पनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा वार्षिक जरिबाना (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुने गरी) | ठूला उद्योग रु.५००००।- |
| | | मझौला उद्योग रु.३००००।- |
| | | साना उद्योग रु.१५०००।- |

# अनुसूची- ७
(दफा १० सँग सम्बन्धित)
## वातावरणीय सेवा शुल्क

| क्रम संख्या | विवरण | एकाइ | शुल्क रु. |
|---|---|---|---|
| १. | मदिराजन्य पदार्थको लागि प्रयोग हुने प्लाष्टिक बोतल/पाउच | प्रति थान | ०.०५ |
| २. | हल्का पेय पदार्थमा प्रयोग हुने प्लाष्टिक बोतल/पाउच | प्रति थान | ०.०५ |
| ३. | सुर्ती तथा गुट्खाजन्य पदार्थ प्याकेजिङ्गमा प्रयोग हुने प्लाष्टिक पाउच/र्‍यापर | प्रति थान | ०.०५ |
| ४. | फास्टफुड (चाउचाउ, बिस्कुट आदि) प्याकेजिङ्गमा प्रयोग हुने प्लाष्टिक पाउच/र्‍यापर/बट्टा | प्रति थान | ०.०५ |
| ५. | खाद्य तथा पेय पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लाष्टिक बोतल/पाउच/र्‍यापर/बट्टा | प्रति थान | ०.०५ |
| ६. | खाद्य तथा पेय पदार्थ प्याकेजिङमा प्रयोग हुने प्लाष्टिक जार | प्रति थान | ०.१० |

पुनश्चः उपर्युक्त बमोजिमको शुल्क प्रदुषण नियन्त्रण शुल्क राजस्व शीर्षक १४५२१ मा जम्मा गर्नु पर्नेछ।

# अनुसूची- ८

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## <u>शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा शिक्षण सञ्चालन दर्ता तथा नवीकरण शुल्क</u>

| सि. नं. | दर्ता तथा नवीकरण | राजस्व दस्तुर कायम हुने समय अवधि | | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र दर्ता तथा अनुमति | क. | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्षभित्र सम्बन्धित निकायमा अनुमति लिन आएमा | १००००।- |
| | | ख. | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको आर्थिक वर्षभन्दा पछिल्ला आर्थिक वर्षमा सम्बन्धित निकायमा अनुमति लिन आएमा | प्रत्येक आर्थिक वर्ष थप जरिबाना ५०००।- |
| २. | शैक्षिक परामर्श तथा भाषा शिक्षण केन्द्र नवीकरण | क. | प्रत्येक वर्षको साउनदेखि असोज मसान्त भित्र नवीकरणको लागि निवेदन पेस गरेमा | ५०००।- |
| | | ख. | असोज मसान्तभन्दा पछि सोही आर्थिक वर्ष भित्र नवीकरणको लागि निवेदन पेस गरेमा | १००००।- |
| | | ग. | सो आर्थिक वर्ष पछि नवीकरणको लागि निवेदन पेस भएकाहरुको हकमा प्रति वर्ष | १५०००।- |